# शिशुको नामाकरण

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**संशोधकः मुहम्मद इदरीस सलफी**

2014 - 1435

IslamHouse.com

# تسمية المولود

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गर्‍यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन प्रलय सम्म उनीहरूको पद्धतिमा प्रगतिशील रहने छन् ।

प्रस्तुत पुस्तिकामा मैले शिशुको नामाकरण गर्नेबारे केही प्रमुख विधिहरू स्पष्ट पार्ने प्रयास गरेको छु । साथै केही यस्ता नामहरू माथि टिप्पणी पनि गरेको छु जुन इस्लामीय दृष्टिले सही छैनन्, र सबैलाई कुरआन र हदीस एवं विद्वानहरूको कथनद्वारा प्रमाणीकरण पनि गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाईदा पुर्‍याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस संसारमा जब कुनै पनि मनुष्यको जन्म हुन्छ त समस्त प्राणीहरू अर्थात मानव जातिहरू त्यो नौलो अतिथिको भब्य स्वागत गर्छन्, र खुशियाली मनाउँछन् कतिपय खुशियाली मनाउनुमा सीमाभन्दा अघि पनि गई हाल्छन् । अनि त्यो नौलो अतिथिको नामारण गर्छन् ।

यो कुरो कुनै मुसलमान समुदाय सित विशिष्ट छैन बरु सर्व धर्मावलम्बीहरू र यस धर्तीमा बस्ने हरेक प्राणीले यो नै गर्छन् । तर सबैको तरिका र रीति भिन्न छ, कतिपय शिशु जन्मेको सातौं दिन त्यसको मुन्डन गरी नामाकरण गर्छन्, त कतिपय मन्दिर, गृजाघर, मस्जिद आदिमा गएर नामाकरण गर्छन्, त कतिपय पवित्र स्थान र स्थलमा ल्याई शिशुको नामाकरण गर्छन् । तर एउटा कुरो सबैमा एकनास छ त्यो हो सबै आफ्नो शिशुको नामारण अवश्य गर्छन् ।

हाम्रो धर्म शास्त्रमा शिशु जन्मेपछि के गर्नुपर्छ यसको बारेमा विस्तारले बताइएको छ त्यसैलाई म संक्षेपमा वर्णन गर्ने प्रयास गरी रहेको छु यस आशाको साथ कि कदाचित कसैलाई लाभ पुऱ्याओस् र मेरो मुक्तिको कारण बनोस् ।

## शिशु जन्मे पछि के गर्नु पर्छ

शिशु जन्मे पछि सर्व प्रथम अल्लाहको आभार प्रकट गर्नु पर्छ अनि बच्चाको कानमा अजान भन्नु पर्छ, तर इकामत भन्नुको

कुनै प्रमाण छैन । र अजान भन्नुको हदीस पनि जईफ छ तर यसमाथि मुसलमानहरूको अमल छ अर्थात यसलाई वंश पछि वंशले गर्दै आएका छन् यसैले गर्दा अलबानी र अरु विद्वानहरूले यो भनेका छन् कि जुन यस्तो गर्छ त्यसलाई मनाही गर्नु उचित छैन र जसले गर्दैन त्यसलाई यस्तो गर्नुको आव्हान पनि गर्नु मिल्दैन । यसबाट यो स्पष्ट भयो कि अजान भन्ने इच्छा छ भने भन्नुस् नत्र नभन्नुस् कुनै दोष पाप लाग्दैन ।

त्यस पश्चात शिशुको अकीका गर्ने र अकीका शिशु जन्मेको सातौं दिन गर्नु सुन्नत हो । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : प्रत्येक शिशु आफ्नो अकीका सित रेहन ( धितो ) राखिएको हुन्छ, तसर्थ त्यसको जन्मको सातौं दिन बलि गरियोस् र त्यसको मुन्डन गरियोस्, र त्यसको नामाकरण गरियोस् । ( अहमद, तिर्मिजी, अबू दाऊद, नेसाई, इब्ने माजा ) ।

शिशुको अकीका गर्नुको फाइदा यो हो कि शिशुको हक पूर्ण भइहाल्छ, र त्यो शिशु रोग एवं कष्टबाट इन्शाअल्लाह सुरक्षित पनि भइहाल्छ । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : शिशुको साथ अकीका गर्नु जरूरी छ तसर्थ त्यसको तर्फबाट अकीका अर्थात बलि गर र त्यसलाई कष्टबाट जोगाऊ । ( बुखारी, अहमद, तिर्मिजी, नेसाई, इब्ने माजा, अबू दाऊद ) ।

र अकीका शिशुको जन्मको सातौं दिन नगरेमा कुनै दिन पनि गर्न सकिन्छ सुन्नत पूर्ण हुन्छ र कुनै दोष पाप लाग्दैन । जस्तो कि सउदी अरबको विद्वानहरूको कमेटीको फतवा नं. ४८६१ मा उल्लेख छ " अकीका सुन्नते मुवक्कदा हो शिशु यदि केटा हो भने दुई बाखा र यदि केटी हो भने एक बाखा, र जन्मेको सातौं दिन अकीका गर्नु पर्छ, यदि सातौं दिन गरिएन भने कुनै दिन र समय पनि जब्ह गर्न सकिन्छ कुनै दोष पाप लाग्दैन तर सातौं दिन अकीका गर्नु उत्तम हो " । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. ४८६१ )

तर यदि कुनै मान्छेसित अकीका गर्ने क्षमता छैन भने त्यसलाई यो कुरामा बाध्य गरिदैन कि त्यो अनिवार्य रूपमा अकीका गरोस् । र यो जरूरी छैन मान्छे श्रृण लिएर अकीका गरोस्, बरु जब त्यससित अकीका गर्ने क्षमता होस् तब नै गरोस् । तर यदि जीवन भरी क्षमता भएन भने त्यसको अकीका माफ छ । जस्तो कि विद्वानहरूको कमेटीको फतवा छ: " यदि तिम्रो माल मात्र यति छ कि तिम्रो दैनिक जीवनको लागि मात्र पुग्छ भने तिम्रो लागि अकीका माफ छ, जस्तो कि अल्लाहको फर्मान छ : " अल्लाह कसैमाथि त्यसको क्षमता भन्दा अधिकको भारी हाल्दैन " । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. १७७६ )

केटीको तर्फबाट एक बाखा चाहे त्यो भाले होस् वा पोथी, र यस्तै केटाको तर्फबाट दुई बाखा जब्ह (बलि) गर्नुपर्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : केटाको तर्फबाट दुई बाख्रा र केटीको तर्फबाट एउटा बाख्रा । ( अहमद, तिर्मिजी )

तर यदि केटा जन्मेको छ र दुई बाख्रा बलि गर्ने अवस्था एवं क्षमता छैन त एउटै बलि गरेमा पर्याप्त हुन्छ, तर दुई जब्ह गर्नु नै उत्तम हो । जस्तो कि एउटा हदीसमा छ :

अर्थ : इब्ने अब्बास वर्णन गर्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हसन र हुसैनको तर्फबाट एक एक बाख्रा ( कब्शा ) जब्ह गर्नु भयो । ( अबू दाऊद, नेसाई ) ।

र अकीकाको मासु आफ्नो आफन्तीहरू, छिमेकीहरू, गरीब गुरबाहरू, र आफ्नो घरपरिवारलाई खुवाउनु उचित छ । र त्यसलाई गरीब निमुखाहरूमा बाँट्नु पनि अति उत्तम छ । जस्तो कि विद्वानहरूको कमेटीको फतवा छ “ कि जसले अकीका गऱ्यो त्यसलाई चाहियो कि आफ्नो आफन्तीहरू, साथीहरू, छिमेकीहरू निमुखाहरूलाई खुवाओस् र उनीहरूमा बाँटोस् ” । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. ४४०० )

र यदि बच्चा जन्मे पश्चात सात दिन न पुगिकन् मर्छ भने त्यसको अकीका गर्नु पनि सुन्नत हो । जस्तो कि विद्वानहरूको समूहको फतवा छ : “ यदि शिशु जीवित जन्म्यो अनि सात दिन भित्र त्यसको मृत्यु भयो भने सातौं दिन त्यसको अकीका गरिन्छ ” । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. १५२८ )

# शिशुको नामाकरण गर्नु

अकीकाको दिन अथवा जन्मेको दिन शिशुको नामाकरण गर्नु साबित छ । तर जुन सुकै समय र दिन त्यसको नामाकरण गर्न सकिन्छ जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो छोरो इब्राहीमको नामाकरण उनको जन्मदिन नै गर्नु भएको थियो । सातौं दिन नामाकरण गर्ने हदीस अघि नै वर्णन गरें जुन यो हो " प्रत्येक शिशु आफ्नो अकीका सित रेहन ( धितो ) राखिएको हुन्छ, तसर्थ त्यसको जन्मको सातौं दिन बलि गरियोस् र त्यसको मुन्डन गरियोस्, र त्यसको नामाकरण गरियोस् "। ( अहमद, तिर्मिजी, अबू दाऊद, नेसाई, इब्ने माजा )

र यस्तै विद्वानहरूको कमेटीको फतवा पनि हेर्नुस् जस्मा सातौं दिन र जन्मेको दिन नै नामाकरण गर्नुको प्रमाण विस्तारले वर्णन छ हेर्नुहोस् ! " शिशुलाई नामाकरण गर्नुको विषयमा मान्छेलाई छूट छ, चाहे त्यसलाई जन्मेको दिन नाम देओस् वा जन्मेको सातौं दिन नामाकरण गरोस् । जस्तो कि हदीसमा वर्णन छ बुखारी र मुस्लिमको रिवायतमा छ कि मुन्जिर बिन उसैदलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको नजिक ल्याइयो त्यस बखत जब उहाँको जन्म भयो, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँलाई आफ्नो तिघ्रा ( जँघा) मा बसाल्नु भयो ........ अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसको बुवा उसैदसित सोध्नु भयो कि यस शिशुको नाम के हो ? त उनको बुवा उसैदले भने यसको फलाना नाम हो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु

भयो होइन बरु यसको नाम मुन्जिर हुनेछ । र यस्तै आर्को हदीसमा उल्लेख छ कि हजरत अनस रजिअल्लाहो अन्हो भन्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : राती मेरो बच्चा जन्मे छ अनि मैले त्यसको नाम अबू इब्राहीम राखें " । ( अबू दाऊद, नेसाई, इब्नेमाजा, अहमद, तिर्मिजी ) ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. २३९२ )

नाम राख्नुको लागि सबै भन्दा उत्तम नाम अब्दुल्लाह र अब्दुर्रहमान हो जस्तो कि मुस्लिमको रिवायतमा वर्णन छ : " सबैभन्दा प्रिय नाम अल्लाहको नजिक अब्दुल्लाह र अब्दुर्रहमान हो " (मुस्लिम, अबू दाऊद, इब्ने माजा, हाकिम) तर यस बाहेक अरु कुनै राम्रो नाम राख्न सकिन्छ । तर त्यो यस्तो नहोस् जसद्वारा घृणाको बोध होस्, वा निर्लज्जताको बोध होस् । अर्थात जस नामबाट कुनै अमानवीय र शिर्कको सुगंध नआओस् त्यो सबै नाम राख्नु जायज छ जसरी हारिस, मुहम्मद, अहमद, अबू बक्र, उमर, मुहम्मद उमर, मुहम्मद उस्मान, अब्दुर्रहीम, .......आदि ।

यस्तै केटीहरूको पनि नाम राम्रो हुनु पर्छ जसरी आइशा, आसिया, खदीजा, मारीया, मरियम, फातिमा, मुमेना, शगुफता, गुलफशाँ, ताहेरा ..... आदि ।

र यस्तै शिशुको नामाकरण गर्नुको लागि इस्लामले कुनै विशेष ठाउँलाई तोकेको छैन बरु कुनै ठाउँमा पनि नामाकरण गर्न सकिन्छ । चाहे त्यो घर होस् वा वन, जल होस् वा थल, मस्जिद होस् वा मैदान । जस्तो कि विद्वानहरूको कमेटीको

भनाई छ कि “ शिशुलाई नामाकरण गर्नुको लागि कुनै ठाउँ विशिष्ट छैन बरु यस विषयमा इस्लामीय विधान द्वारा छूट प्रदान गरिएको छ ” । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. ८८४२ )

## केही यस्ता नामहरूको विवरण जसद्वारा शिशुलाई नामाकरण गर्नु वर्जित छ

केही यस्ता नामहरूको विवरण जसद्वारा शिशुलाई नामाकरण गर्नु वर्जित छ जसरी अब्दुल फुजैल, अब्दुन्नबी, अब्दुर्रसूल, अब्दु अली, बरकत अली, अब्दुल हुसैन, अब्दुल हसन, अब्दुज् जुहरा, गुलाम अहमद, गुलामे अहमद, गुलाम रसूल, गुलामे रसूल, गुलामे मुसतुफा, अब्दुल मसीह, सुबहान अल्लाह, अब्दुल मुअ्तनी, कमरुल अम्बिया, अब्दुद्दीन ...... आदि ।

यस जस्ता कुनै नाम भएमा त्यसलाई परिवर्तित गर्नु अति जरूरी छ किनकि यस्ता नामहरू द्वारा अल्लाहलाई छाडी सृष्टिको पूजा गर्नुको बोध हुन्छ । जस्तो कि विद्वानहरूको फतवामा उल्लेख छ : “ अब्दुल फुजैल, अब्दुन्नबी, अब्दुर्रसूल, अब्दु अली, अब्दुल हुसैन, अब्दुज् जुहरा, गुलामे रसूल, गुलामे मुसतुफा, र यस जस्ता नाम राख्नु जायज छैन जसबाट सृष्टिको पूजाको बोध होस् ” । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. ३८६२ )

र यस्तै राम, लखन, कृष्ण, विष्णु, महेश, राम चन्द्र, राम देउ...... आदि नाम राख्नु जायज छैन, किनकि यो हिन्दु धर्मलाई बोध गर्छ । तसर्थ जुन नाम आर्को धर्मलाई बोध

गरोस् त्यो नाम पनि राख्नु जायज छैन, किनकि यसो गरेमा उनीहरूको धर्मलाई सत्य ठहर गर्नु बोध हुन्छ ।
यस्तै केटीहरूलाई यस्तो नाम दिनु जायज छैन जुन काफिरहरूको धर्मलाई बोध गरोस्, जसरी सुमन, कन्चन, काली, सरिता, गंगा, मिनाक्षी, दरोपति, सीता, गीता, पार्वती, सरस्वती, जानकी, रुबी ........ आदि ।
र यस्तै त्यो नाम पनि राख्नु उचित छैन जुन घृणा अथवा छुवाछूतलाई बोध गरोस्, जसरी मुनेशर, भंगेशर, कल्लु, जुल्लु, जुम्मन, खोडे, नथ्थु, टिल्लु, पिल्लु, जुन्नु, हग्गन, पुद्दन, गुज्जर, मोँटे, छोटे, खच्चर, गद्दर, भोदु, जोखु...... आदि । अल्लाह हामी सबैलाई राम्रो नाम राख्ने मार्गदर्शन गरोस् ( आमीन )

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा प्रेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका र्वाड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-
9727649238
00966-0501372254
Email- atiqkhannp1982@yahoo.com